आज मिति २०८२ बैशाख २२ गते दिउसो ११:०० बजे ढोरपाटन नगरपालिकाका का.वा. नगर प्रमुख श्री धन बहादुर कायत ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमको पदाधिकारीको उपस्थितिमा बसी तपसिल बमोजिमका एजेण्डा उपर छलफल गरी निम्न लिखित निर्णय गरियो ।

**उपस्थितिहरु :-**

| हस्ताक्षर | नामथर, पद | जिम्मेवारीको पद |
|---|---|---|
| | श्री धन बहादुर कायत (का.वा.नगर प्रमुख) | अध्यक्ष |
| | श्री बान बहादुर छन्त्याल (वडा नं. १ अध्यक्ष) | सदस्य |
| | श्री भेक बहादुर खत्री (वडा नं. २ अध्यक्ष) | सदस्य |
| | श्री खिम बहादुर सुनार (वडा नं. ३ अध्यक्ष) | सदस्य |
| | श्री तिलक पुन (वडा नं. ४ अध्यक्ष) | सदस्य |
| | श्री दिपेन्द्र बहादुर पुन (वडा नं. ५ अध्यक्ष) | सदस्य |
| | श्री उमेश कुमार बुढा मगर (वडा नं. ६ अध्यक्ष) | सदस्य |
| | श्री धन बहादुर अदै (वडा नं.७ अध्यक्ष) | सदस्य |
| | श्री भन्द्रमणी सुनार (वडा नं. ८ अध्यक्ष) | सदस्य |
| | श्री कमला वि.क. (वडा नं. ९ का.वा. अध्यक्ष) | सदस्य |
| | श्री विमला महत | सदस्य |
| | श्री निम कुमारी भण्डारी | सदस्य |
| | श्री तुलसरी वि.क. | सदस्य |
| | श्री खगिसरा कायत | सदस्य |
| | श्री इन्द्र कुमारी सिर्पाली | सदस्य |
| | श्री नविन शेरचन | सदस्य |
| | श्री दिलिप कुमार थापा | सदस्य |
| | श्री कुल बहादुर छन्त्याल | सदस्य |
| | श्री चिरन्जिवि घिमिरे (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |
| | श्री प्रकाश गैरे (प्रशासकीय अधिकृत) आमन्त्रित | |

**एजेण्डाहरु:**

१) नगर प्रोफाईल सम्बन्धमा ।

२) योजनाहरुको समिक्षा सम्बन्धमा ।

३) विविध ।

CamScanner

## नगर कार्यपालिका बैठक २०८२/०१/२२ गते

| क.स. | एजेण्डा | निर्णयहरु | भिन्न मत |
|---|---|---|---|
| १ | "ढोरपाटन नगरपालिकाको डिजिटल प्रोफाईल निर्माण" सम्पन्न र फरफारक सम्बन्धमा। | ढोरपाटन नगरपालिकाको आ.व.०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत "ढोरपाटन नगरपालिकाको डिजिटल प्रोफाईल निर्माण" को लागि श्री जेलवेल इन्नोभेसन प्रा.लि. काठमाण्डौं संग सम्झौता भएको र हाल नीजले पेश गरेको प्रतिवेदन कार्यपालिकामा छलफल भयो र कार्य सम्पन्न भएपछि सम्झौता अनुसारको रकम नीज परामर्श सेवा प्रदा यक लाई भुक्तानी दिने। | छैन |
| २ | कार्यदल गठन सम्बन्धमा । | ढोरपाटन नगरपालिका स्थित सम्पुर्ण विद्यालयहरु समायोजन तथा शिक्षक दरवन्दी मिलानको लागि वस्तुस्थिति बुझि हेरि फिल्ड अध्ययन प्रतिवेदन पेश गर्नको लागि तपसिल बमोजिमको कार्यदल गठन गर्ने।<br>तपसिलः-<br>क) श्री धन वहादुर कायत (का.वा.नगर प्रमुख)- संयोजक<br>ख) श्री नविन शेरचन (सामाजिक विकास समिति) - सदस्य<br>ग) श्री धन ब. कुवर (पुर्व प्र.अ.) - सदस्य<br>घ) श्री टंक पौडेल (शिक्षा समिति) - सदस्य<br>ङ) श्री बान ब.छन्त्याल (अध्यक्ष वडा नं.१) - सदस्य<br>च) श्री खुम ब.छन्त्याल (प्र.अ.) - सदस्य<br>छ) श्री विमला महत (का.पा. सदस्य) - सदस्य<br>ज) श्री दिपक थापा (वि.व्य.स.अध्यक्ष) - सदस्य<br>झ) श्री कुलपति सापकोटा (पुर्व शिक्षक) - सदस्य<br>ञ) श्री तुल्सि बि.क.(का.पा. सदस्य) - सदस्य<br>ट) श्री गणेश ब. रावल - सदस्य<br>ठ) श्री ज्ञानेन्द्र प्रकाश सापकोटा - सदस्य सचिव | छैन |
| ३ | कक्षा (६-८) सम्मको स्थानीय तहको पाठ्यक्रम स्वीकृत सम्बन्धमा । | ढोरपाटन नगरपालिकाको कक्षा (६-८) सम्मको स्थानीय पाठ्यक्रम तयार भईसकेकोले सो लाई स्वीकृत गर्ने । | छैन |
| ४ | शैक्षिक योजना स्वीकृत सम्बन्धमा । | ढोरपाटन नगरपालिकाको शैक्षिक योजना (२०८१/०८२-२०८५/०८६) निर्माण भएकोले सो लाई स्वीकृत गरि लागु गर्ने । | छैन |
| ५ | नीजि कानुन व्यवसायीको पारिश्रमिक सम्बन्धमा । | ढोरपाटन नगरपालिकाको कार्यालयमा आईपर्ने विभिन्न किसिमका मुद्दा मामिलाको कारण अदालतमा वादि/प्रतिवादिको रुपमा वहस तथा प्रतिउत्तर पेश गर्नको लागि तपसिल बमोजिमको पारिश्रमिक दिने । | छैन |

| | | | |
|---|---|---|---|
| | | तपसिलः-<br>क) मुद्दाको प्रतिउत्तर तयारी, स्टेशनरी छपाई र प्रतिउत्तर पेश गर्ने सम्मको प्रति मुद्दावापतः- रु.१८,०००।-<br>ख) मुद्दाको बहस पैरवीका लागि प्रति बहसः- रु.१५,०००। | |
| ६ | सडक बोर्डको र यस कार्यालयको साझेदारीमा संचालन हुने योजना कार्यान्वयन सम्बन्धमा । | सडक बोर्ड नेपाल, काठमाण्डौ र यस कार्यालयको साझेदारीमा आ.व.२०८१/०८२ को स्वीकृत तपसिल बमोजिमका योजना सडक बोर्ड नेपालको च.न.२०४४, मिति २०८२/०१/१२ गतेको पत्रानुसार (जेष्ठ मसान्त भित्रै कार्य सम्पन्न गरि अषाढ मसान्त भित्रै निकासा लिने परिपत्रानुसार) यस कार्यालयबाट पेश भएका योजनाहरुको स्वीकृत सहित कार्यान्वयनको सहमति प्राप्त भएकोले तपसिल अनुसार योजना कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृत लाई अख्तियारी दिने ।<br>तपसिलः-<br>क) धौलागिरी चोक देखि स्वामीबोट चोक, ढो.न.पा.१- रु.७ लाख२५ हजार (कोटेशन मार्फत)<br>ख) टारीखेत, कुत्थाप्ला, अर्नाकोट मोटरबाटो ढो.न.पा.२-रु८ लाख (कोटेशन मार्फत)<br>ग) घोसा, चाचलघाट, सामा, गुजा, तमानखोला, जोड्ने मोटरबाटो ढो.न.पा. ३ - रु. ५ लाख र जमुनाबोट, जुगेपानी, छापडाँडा, भित्रेवन र पुरानोगाउँ छहरा ढो.न.पा. ६ - रु. ४ लाख ५० हजार जम्मा रु.९ लाख ५० हजार (कोटेशन मार्फत)<br>घ) धाइबाङ, लुकुरबन, फलामखानी मोटरबाटो ढो.न.पा. ४ - रु. ७ लाख (कोटेशन मार्फत)<br>ङ) गाडीलुङ सिङ्गायो मोटरबाटो ढो.न.पा. ७ - रु. ५ लाख र जनवादी नुनथला खोला सिकारु, डम्मरे खोला, विजौले खोला ढो.न.पा. ८ - रु. ४ लाख ५० हजार जम्मा रु.९ लाख ५० हजार (कोटेशन मार्फत)<br>च) भगवती मन्दिर देखि भिंगलबारी मोटरबाटो स्तरोन्नती वडा नं. १ - रु. १२ लाख (सिलबन्दी दरभाउपत्र मार्फत) | छैन |
| ७ | करार सेवामा जनशक्ति व्यवस्थापन सम्बन्धमा । | ढोरपाटन नगरपालिकामा हाल रिक्त रहेको सिभिल ईन्जिनियर, अधिकृतस्तर सातौं तहमा करार सेवामा कार्यालयको सूचना बमोजिम छनौट भएका श्री तेजेन्द्र भुषाल लाई वि.स. २०८२ असार मसान्त | छैन |

ढोरपाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बुर्तिबाङ, बागलुङ गण्डकी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | सम्म करार सम्झौता गरिएकोले सो को अनुमोदन गरि कामकाजमा खटाउने । | |
| ८ | रकम भुक्तानी तथा थप कामको दायित्व सम्बन्धमा । | क) ढोरपाटन नगरपालिकाको ब्याकहुलोडर (प्रदेश नं.३-०१-००१ ग ३६५८) मिति २०८१/०८/०८ गते दिनको ११:३० बजे वडा नं.३ घोसामा मोटरबाटो सरसफाईको क्रममा दुर्घटनामा परेकोले सो लाई निश्चित पार्टहरु खोलि नगरपालिकाको भवनको क्षेत्रभित्र ल्याएर राख्नको लागि लागेको खर्च रकम योजनाहरुको कन्टन्जेन्सी शीर्षक बाट भुक्तानी दिने।<br>ख) ढोरपाटन नगरपालिकाको ब्याकहुलोडर (प्रदेश नं.३-०१-००१ग३६५८) मिति २०८१/०७/२५ गते वडा नं.६ दोगाडि गाडिलुङ जाने बाटो सरसफाई गर्ने क्रममा बुर्तिबाङ जादै गरेको चालक अनमोल भण्डारीले चलाएको ग २४ प ९०३३ नम्बरको Royal Enfield बाईकमा ढुङ्गा पल्टिएर क्षति पुर्याएकोले सो बाईक मर्मत बापतको रकम रु.२,३३,२१४।- मर्मत संभार शीर्षकबाट भुक्तानी दिने।<br>ग) ढोरपाटन नगरपालिका वडा नं. ४ सोरबाङ आ.वि. जाने बाटोमा सिंडि निर्माण गर्ने गरि रु.५०,०००।- रकम योजनाहरुको कन्टन्जेन्सी शीर्षक बाट भुक्तानी दिने।<br>घ) ढोरपाटन नगरपालिका वडा नं.४ सोरबाङ, देउराली, साउनेपानि, सरालिमा आगोलागि भई खानेपानीको पाईप जलेर नष्ट भई वस्तिमा खानेपानि अभाव भएकोले पाईप व्यवस्थापनको लागि रु.५०,०००।- रकम योजनाहरुको कन्टन्जेन्सी शीर्षक बाट भुक्तानी दिने। | छैन |
| ९ | आ.व.२०८१/०८२ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा । | ढोरपाटन नगरपालिकाको जवाफदेहिता, पारदर्शीता र पुर्वअनुमानयोग्यता प्रवर्धनको लागि आम नागरिकको सुनासो सम्बोधन र रचनात्मक सुझाव संकलनको लागि आ.व.०८१/०८२ को दोस्रो सार्वजनिक सुनुवाई २०८२ जेठ १० गते वडा नं.१मा संचालन गर्ने। | छैन |
| १० | मोटरसाईकल हस्तान्तरण सम्बन्धमा । | ढोरपाटन नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत खरिद गरेका मोटरसाईकल ईलाका प्रहरी कार्यालय, बुर्तिबाङले सेवा प्रवाह सहजिकरणको लागि १ थान माग | छैन |

निमा

खजी

CamScanner

| | | | |
|---|---|---|---|
| | | गरेकोले सो मोटरसाईकलको आगामी दिनहरुमा बीमा, मर्मत, ईन्धन र राजश्व लगायत सम्पुर्ण कार्य जिम्मेवारी सोहि कार्यालयमा रहने गरि हस्तान्तरण गर्ने । | |
| ११ | योजनाको रकम भुक्तानी सम्बन्धमा । | ढोरपाटन नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत वडा नं. ४ को योजना "छोरेगाँउ सोरबाङ थुमखर्क सडक निर्माण" मा रु.४०,००,०००।- विनियोजन भएको र वडा अध्यक्षको सिफारिस र नगरकार्यपालिकाको निर्णय बमोजिम उपभोक्ता समिति गठन गरि सो मार्फत योजना संचालन गरिएको र हाल सो योजनाको प्राविधिक मुल्याङकन र वडा अध्यक्षको सिफारिसमा कार्यसम्पन्न भएकोले उपभोक्ता समितिलाई भुक्तानी दिने । | छैन |
| १२ | वडा नं.२ क्रमागत वडा कार्यालय भवन निर्माणको बाकि बजेट रकमान्तर सम्बन्धमा । | ढोरपाटन नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत "वडा नं. २ क्रमागत वडा कार्यालय भवन निर्माण" मा रु. २०,००,०००।- विनियोजन भएकोमा सो को कार्य ठेक्का मार्फत कार्यान्वयनको लागि मिति २०८१/११/११ गते रु.१४,६१,६९१.६१।- सम्झौता भएको र बाकि रहेको बजेट अर्नाकोट मा.वि. खल्वाङ वडा नं.२ विद्यालय भवन निर्माण गर्न सम्झौता गरि कार्यसम्पन्न भएपछि आगामी नगरसभामा अनुमोदन हुने गरि भुक्तानी दिने । | छैन |
| १३ | ढोरपाटन नगरपालिकाको आवधिक योजना (२०८२/०८३-०८४/०८५) निर्माण सम्बन्धमा । | ढोरपाटन नगरपालिकाको आवधिक योजना (२०८२/०८३-०८४/०८५) निर्माण गर्ने । | छैन |
| १४ | ठेक्का स्वीकृत गर्ने सम्बन्धमा । | ढोरपाटन नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत "क्रमागत नगरपालिका प्रशासनिक भवन निर्माण" को ठेक्का व्यवस्थापन मार्फत कार्यान्वयनको क्रममा मुल्याङकन समितिले पेश गरेको प्रतिवेदनलाई अध्ययन गरि आ.व.को अन्त्यको समयलाई समेत मध्यनजर गर्दै निर्माण व्यवसायी श्री Multispace engineering construction and consultancy pvt. Ltd सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ अनुसार सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद | छैन |

ढोरपाटन नगरपालिकाको कार्यालय, बुर्तिबाङ, बागलुङ, गण्डकी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | नियमावली, २०६४ को नियम ६७ बमोजिम स्वीकृत गरि आशयको सूचना दिने। | |
| १५ | कर्मचारी खटनपटन सम्बन्धमा । | ढोरपाटन नगरपालिकामा तपसिल बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम कर्मचारी खटनपटन गरेकोले सो लाई अनुमोदन गर्ने ।<br>तपसिल:-<br>क) श्री अञ्जु कुवर (स.प्र.अ) - प्रशासन शाखा प्रमुख<br>ख) श्री दिपक श्रीपाली (क.अ.) - वडा नं.१ को वडा कार्यालय<br>ग) श्री बोम बहादुर बुढा मगर (प्रशासन सहायक) - जिन्सि शाखा प्रमुख | छैन |
| १६ | उच्च अदालत पोखरा, बागलुङको उत्प्रेरण सहित परमादेश सम्बन्धमा । | उच्च अदालत पोखरा बागलुङ इजलासमा चढाएको रिट निवेदन पत्र मार्फत ढोरपाटन नगर कार्यपालिकाको कार्यालय लगायत ४ जना विरुद्ध उप्रेषण सहित परमादेशको आदेश जारी गरि पाउ भनि ढो.न.पा.९ श्री नमुना आ.वि.मा कार्यरत हिरादेबि बुढा मगरले उत्प्रेषण सहितको परमादेश आदेश जारि गरिएकोले सो मुद्दाको पुर्पक्ष गर्नको लागि यस कार्यालयबाट प्राविधिक सहायक श्री ज्ञानेन्द्र प्रकाश सापकोटा लाई पठाउने निर्णय गरियो । | छैन |
| १७ | योजना कार्यान्वयन सम्बन्धमा । | ढोरपाटन नगरपालिकाको आ.व.२०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत श्री डि होर्डिङ बोर्ड निर्माणको लागि रु. १९,००,०००।- (उन्नाईस लाख) बजेट विनियोजन भएकोले सो योजना कार्यान्वयनको लागि बागलुङ जिल्ला दररेटमा उल्लेखित दररेटको प्राविधिक लागत अनुमान तयार गरि कोटेशन मार्फत कार्य गर्ने र धातुको अक्षरांक निर्माणको लागि सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बिशेषज्ञ सेवा मार्फत कार्य गर्नको दररेट माग गरि कार्य प्रक्रिया अगाडी बढाउने । | छैन |
| १८ | सूचना प्रकाशन गर्ने सम्बन्धमा । | भूमि समस्य समाधान आयोग, ताहचल काठमाण्डौको च.न.४३६, मिति २०८१/०१/११ गतेको पत्राचार अनुसार ३५ दिने सूचना प्रकाशन गर्ने । | छैन |